निर्णय:-

१. धरान उप.म.न.पा. का प्र.प्र.अ. श्री मातृका भट्टराई, जिल्ला प्रशासन कार्यालयका स.प्र.जि.अ. श्री माधव प्रसाद ढुङ्गाना, राजश्व अनुसन्धान कार्यालय, इटहरीका प्रमुख श्री सुरेश आचार्य तथा कृषि सामग्री कम्पनी लिमिटेड, इटहरीका प्रमुख श्री नरेश कुमार सापकोटालाई यस जिल्लामा स्वागत गर्ने ।

२. गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको मिति २०७९।११।१५ गतेको छडको गुणस्तर एकिन गर्ने सम्बन्धी पत्रसाथ प्राप्त पत्र बैठकमा पेश भयो । छड प्रयोग गर्ने/गराउने सम्पूर्ण सरकारी/सार्वजनिक निकायहरुले उक्त परिपत्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. सन् २०२३ का लागि नेपालबाट साउदी अरबको मक्का मदिनामा हज गर्न जानका लागि आवेदन दिने मिति २०७९ फागुन ४ गते सम्म तोकिएकोमा नेपाल हज समिति, सिंहदरबार, काठमाडौं मिति २०७९।१२।०५ गते गोरखापत्रमा मिति २०७९ १५ दिन म्याद थप गरी मिति २०७९ चैत्र २९ गते सम्म तोकिआएकोले सबै स्थानीय तहले सो विषयमा आ-आफ्ना वडामा रहेका ईस्लाम धर्मवालम्बीहरुलाई जानकारी गराउने ।

४. यस कार्यालयबाट प्रवाह हुँदै आएको राहदानी आवेदनको फारम भर्ने तथा live-Enrollement को कार्य यसै कार्यालयबाट निःशुल्क गरिएकोले सबै पालिकाले सो विषयको जानकारी आ-आफ्ना नागरिकहरुलाई गराउने ।

५. जिल्ला स्थित सबै स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी मनसुन पूर्वतयारी कार्ययोजना तयार गरी कार्ययोजना बमोजिम कार्य गर्ने/गराउने साथै Pre-Monsoon शुरुभइसकेको हुँदा उक्त पूर्वतयारीका लागि आवश्यक श्रोत साधन सहित तयारी अवस्थामा रहने ।

६. राष्ट्रिय सतर्कता केन्द्र तथा यस कार्यालयले मिति २०७९।१२।०८ संयुक्त रुपमा जिल्ला स्थिति बिभिन्न कार्यालयहरुको अनुगमन भएको सबैमा जानकारी गराइयो । मुस्कान सहितको सेवा, तोकिएको पोसाक, समयमा हाजिरी, सदाचार व्यवस्थापन जस्ता विषयलाई गम्भीरतापूर्वक लिई कार्यान्वयन गर्न निर्देशन दिइएकोले सोको परिपालना सबै कार्यालयहरुले समेत गर्ने, गराउने ।

७. राष्ट्रिय गौरवका आयोजना तथा विकास निर्माण सम्बद्ध कार्यालयहरुले यस आ.व. मा हाल सम्म गरेको कामको प्रगति एकमुस्ट र अब उपरान्त मासिकरुपमा जिल्ला प्रशासन कार्यालयमा पठाउने । आफ्नो कार्यक्षेत्रभित्रको काममा विभिन्न निकाय बीच समन्वय गर्नुपर्ने विषय भए प्रमुख जिल्ला अधिकारीलाई सोबारेमा जानकारी गराउने ।

८. जिल्लामा रहेका सम्पूर्ण संघीय तथा प्रदेशिक कार्यालयहरु (आफ्नो मातहतको कार्यालय समेत) को चालू एवं पूँजीगत खर्चको अवस्था न्युन रहेकोले उक्त खर्चको प्रतिशत बढाउन नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम खर्च गरी प्रतिशत बढाउन तर्फ आवश्यक व्यवस्था मिलाउने ।

९. अत्याधिक चाप हुने कार्यालयहरुमा कामको सहजीकरण, जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा सरलीकरण गरी गुनासोरहित काम गर्ने । सेवा प्रवाह चुस्त दुरुस्त वनाउने ।

१०. जिल्ला स्थिति सम्पूर्ण कार्यालयहरुले आ-आफ्नो कार्यालयको भौतिक एवं अन्य सम्पूर्ण अभिलेखहरु चुस्त दुरुस्त अवस्थामा राख्ने र सोको प्रगति जिल्ला प्रशासन कार्यालयमा नियमित उपलब्ध गराउने ।

११. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निकायहरुबाट छानबिन गरी प्रतिवेदन पठाउन, आवश्यक कारवाही गरी जानकारी गराउन, पत्रको जवाफ पठाउन भनी लेखी पठाएको विषयहरुमा जिल्ला प्रशासन कार्यालयबाट ती विषयसँग सम्बन्धित कार्यालयहरुलाई सोही बमोजिम पत्र पठाएकोमा कतिपय कार्यालयहरुबाट समय सीमाभित्रै पत्रको जवाफ, छानबिन/कारवाही गरी प्रतिवेदन र जानकारी प्राप्त नभएकाले ती निकायहरुमा प्रतिवेदन/जानकारी/जवाफ पठाउन नसकिएकोले अब आइन्दा समय सीमाभित्रै त्यस्ता पत्रहरुको जवाफ, कारवाहीको जानकारी एवं छानबिनको प्रतिवेदन पठाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी